पूविको एमफिल उत्कृष्ट

विराटनगर(उस)/ नेपालका विभिन्न विश्वविद्यालयमा पढाइ हुँदै आएको एमफिलमा पूर्वाञ्चल विश्वविद्यालय (पूवि) को उत्कृष्ट रहेको विज्ञहरुले बताएका छन् ।

बुधबार पूवि व्यवस्थापन संकाय अन्तर्गत एमफिल तथा पीएचडी कार्यक्रममा भर्ना भएका नयाँ विद्यार्थीका लागि आयोजित अभिमुखीकरणका प्रमुख वक्ता (कि नोट स्पिकर) प्राडा राधेश्याम प्रधान र प्राडा नवराज कँडेलले पूविको एमफिल कार्यक्रमको प्रशंसा गरेका थिए ।

प्राडा कँडेलले नेपालको सबैभन्दा राम्रो एमफिलको पठपाठन पूविकोको भन्दै प्रशंसा गरेका थिए । भौतिक कक्षा, नियमित परीक्षा र परीक्षा प्रणाली, गुणस्तरीयता शिक्षामा १ नम्बर रहेको दावी गरे ।

झापाका ५२५ जना वन्यजन्तु पीडित राहतका पर्खाइमा

झापा/डिभिजन वन कार्यालय झापाले यहाँका हात्तीपीडितलाई एक करोड ९० लाखभन्दा बढी राहत उपलब्ध गराएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को हालसम्म डिभिजन वन कार्यालय झापा र निर्देशनालयबाट एक करोड ९० लाख एक हजार ९९३ रुपैयाँ राहत उपलब्ध गराइएको डिभिजन वन कार्यालयका पशु चिकित्सक डा. सोनाम भलले जानकारी दिए ।

कार्यालयले ५१० हात्तीपीडित घरपरिवारलाई ६९ लाख ९३ हजार ५६५ र निर्देशनालयले ७३ हात्तीपीडित घरपरिवारलाई एक करोड २० लाख आठ हजार ४२८ राहत उपलब्ध गराएको उनले बताए ।

निर्देशनालयले हात्तीको आक्रमणबाट ज्यान गुमाएका १० जना मृतकको परिवारलाई प्रतिपरिवार १० लाखका दरले एक करोड, हात्तीको आक्रमणमा परी घाइते भएका १० जनालाई ११ लाख १८ हजार ६२८, हात्तीले २२ वटा घरको क्षति पुऱ्याएबापत चार लाख २० हजार, भण्डारण गरिएको अन्नमा क्षति (१८ वटा) पुऱ्याएबापत एक लाख ८० हजार, अन्नबालीमा क्षति (२९ वटा) पुऱ्याएबापत दुई लाख ७९ हजार ८०० र एउटा पशुधनको क्षतिपूर्तिबापत १० हजार पीडितलाई राहत उपलब्ध गराएको डा. भलले जानकारी दिए । रासस

हिमालय दर्शन कलेजका विद्यार्थीलाई सचेतना

विराटनगर(उस)/ नेपाल औषधि व्यवसायी संघ (एनसीडीए) को ५२ औं स्थापना दिवसको अवसरमा विराटनगरस्थित हिमालय दर्शन कलेजका विद्यार्थीहरूलाई लागुऔषध तथा मनोदीपक औषधिसम्बन्धी सचेतना गराएको छ । नेपाल औषधि व्यवसायी संघ मोरङको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत दोस्रो दिन कलेज परिसरमा बिहीबार हिमालय दर्शन कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई सचेतना गराएको हो ।

संघका अध्यक्ष देशबन्धु ढकालले पछिल्लो समय युवा पुस्ताहरूमा लागुऔषधको दलदलमा फस्ने गरेको भन्दै उनीहरूलाई कुलतमा लाग्न नदिन विद्यार्थीहरूलाई सचेतना गराएको जानकारी दिए । ' कार्यक्रममा नेपाल औषधि व्यवसायी संघ कोशी प्रदेशका अध्यक्ष धनराज काफ्लेले अहिलेको युवा पुस्ताहरूमा कुसंस्कारमा लाग्ने गरेको भन्दै त्यसबाट रोक्न यस्ता कार्यक्रम गरिनुपर्ने बताए ।

प्रहरी नायब निरीक्षक आकाश कार्की, प्रहरी हवल्दार दोर्जे पराजुली र पूर्व दुर्व्यसनीका प्रशिक्षक कपिल आचार्यले विद्यार्थीहरूलाई सहजीकरण गरेका थिए । उनीहरूले विद्यार्थीहरूलाई लागुऔषधको हानिकारक प्रभाव, यसबाट कसरी बच्ने र पूर्व दुर्व्यसनीका अनुभवहरू सुनाएर सचेत बनाएका थिए ।

कार्यक्रममा हिमालय दर्शन कलेजका प्रमुख भरत सापकोटाले विद्यार्थीहरूका लागि यस्ता जनचेतनामूलक कार्यक्रम अपरिहार्य रहेको बताए ।

सुकुनामा वृक्षरोपण

सुन्दरहरैंचा(उस)/मोरङको सुन्दरहरैंचा १० मा रहेको सुकुना सामुदायिक वनमा वृक्षरोपण गरिएको छ । सब डिभिजन वन कार्यालय सलकपुरका वन सहायक राममाया परियारसहितको टोलीले टिक, साल, जामुन, खयर, कागती, अम्बा, मसला, नीमजस्ता बहुपयोगी तथा पर्यावरणमैत्री बिरूवाहरू रोपेका थिए । वन क्षेत्रको संरक्षण तथा जैविक विविधता वृद्धिका लागि वृक्षरोपण कार्यक्रम सञ्चालन गरिएको वनले जनाएको छ ।

४.४५ हेक्टरमा गरिएको वृक्षारोपण कार्यक्रममा खोर्सानेे सामुदायिक विकास केन्द्रका प्रतिनिधि, सामुदायिक वनका पदाधिकारीहरू, स्थानीय बासिन्दा तथा सहयोगीहरूको सहभागिता रहेको रामकुमार प्रधान (आरके) ले जानकारी दिए ।

संकल्प कोशी प्रदेश अध्यक्षमा दाहाल निर्वाचित

विराटनगर(उस)/ समावेशी महिला सञ्जाल 'संकल्प' कोशी प्रदेशको अध्यक्षमा नागरिक आवाजकी शोभा दाहाल निर्विरोध निर्वाचित भएकी छन् । बिहीबार विराटनगरमा सम्पन्न प्रदेशस्तरीय अभिमुखीकरण तथा पुनर्गठन कार्यक्रमबाट दाहाल नेतृत्वमा ९ सदस्यीय समिति चयन गरिएको हो ।

समितिको उपाध्यक्षमा क्रियाशील पत्रकार महिला (डब्लूडब्लूजे) कोशी प्रदेश अध्यक्ष गंगा बराल, सचिवमा फातिमाकी नजबुल खान र कोषाध्यक्षमा मीना राई चयन भएका छन् । सदस्यमा विविशा राई, राखी कर्ण, सुशीला विक, शान्ता तामाङ र सविता बुढाथोकी छन् । १४ जिल्ला रहेको कोशी प्रदेशका अन्य जिल्लामा ' फोकल पर्सन' राखिने जानकारी संकल्पकी केन्द्रीय अध्यक्ष संगीता लामाले दिइन् । संकल्पकी संस्थापक अध्यक्ष तथा राष्ट्रिय महिला आयोगकी सदस्य लिली थापाले महिलाका साझा मुद्दामा एकजुट भएर काम गर्नुपर्नेमा जोड दिइन् । उनले नेतृत्व तहमा महिलाको पहुंच बढाउन नीतिगत सुधार आवश्यक रहेको बताउँदै प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने भनिए पनि फरक पार्टीको भएको कारण सहभागिता घटेको छ, भनिन्, निर्वाचन खर्चको निगरानी, इलेक्ट्रोनिक भोटिङ र महिलाबीच प्रतिस्पर्धा हुनुपर्छ ।

अध्यक्ष संगिता लामाले मुस्लिम, जनजाति, दलितलगायत महिलाले नेतृत्व गरेका संस्थाबीच एकअर्काको मुद्दालाई सम्मान गरेर अघि बढ्नुपर्नेमा जोड दिइन् ।

प्रदेशसभा सदस्य शोभा चेम्जोङ र लखिकुमारी गणेशले महिलालाई सोचेजस्तो काम गर्न नदिने प्रवृत्तिको गुनासो गर्दै अवसरको अभावमा धेरै महिला पछाडि परेको टिप्पणी गरेका थिए ।

इटहरीमा सुजुकी गाडीको बिशेष अफर

सुनसरी(उस)/नेपालको लागि सुजुकी गाडीको आधिकारिक वितरक सीजी मोटोकर्पले इटहरीमा बिशेष अफरहरू सार्वजनिक गरेको छ । इटहरीमा नयाँ व्यवस्थापनका साथ सञ्चालनमा आएको भवानी शंकर एण्ड सन्समार्फत कम्पनीले असार ५ देखि ९ गतेसम्म टेस्ट ड्राइभ तथा एक्सचेन्ज क्याम्प र असार १५ गतेसम्म विशेष सर्भिस क्याम्प सुरू गरेको जनाएको हो । बिहीबार पत्रकार सम्मेलन गर्दै कम्पनीले क्याम्प अवधिभर ग्राहकहरूले सुजुकीका विभिन्न मोडेल परीक्षण गर्न, पुराना गाडी साट्न तथा विभिन्न विशेष अफर तथा सेवाहरूको लाभ लिन सक्ने जनाएको हो ।

टेस्ट ड्राइभ तथा एक्सचेन्ज क्याम्पमा सहभागी भई नयाँ गाडी खरिद गर्ने ग्राहकले मोडेल अनुसार २ लाख रूपैयाँसम्मको नगद छुट, १ वर्षको निःशुल्क सवारी बीमा, २ लाख रूपैयाँसम्मको एक्सचेन्ज बोनस, २० हजार रूपैयाँसम्मको लोयल्टी बोनस, साथै सिट कभर, म्युजिक सिस्टमलगायतका विभिन्न एसेसोरीज निःशुल्क प्राप्त गर्न सक्नेछन् । क्याम्प अवधिभर अतिरिक्त २० हजार रूपैयाँको नगद छुट पनि प्रदान गरिने कम्पनीका प्रबन्धक निर्देशक मिसन पराजुलीले जानकारी दिए । विशेष सर्भिस क्याम्पमा सहभागी हुने सुजुकी गाडीका ग्राहकहरूले निःशुल्क चेकअप तथा कार वास, साथै पार्ट्समा १५ प्रतिशत र लुब्रिकेन्टमा १० प्रतिशत छुट पाउने उनले बताए ।

अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना

यस SS TRADERS AND SUPLLIERS. बाट बिक्री वितरण हुने देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मुल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि.नं	Electric Vehicle Model	ब्राण्ड	मोडल	Electric Motor/Batter	उत्पादक राष्ट्र	इकाइ	प्रति इकाइ मूल्य	अधिकतम खुद्रा मूल्य
1.	T1 X1 Scooter	Tum Tum	T1x1	250W, 104W 60 V 42 Ah	Bharat	set	110000/-	110000/-
2.	Supereco S1 Scooter	Tum Tum	S1	2120W,1200W 60V 42 Ah	Bharat	set	110000/-	110000/-
3.	Tum Tum Rickshaw	Tum Tm	Tum Tum	1620W,1000w 60 V 210 Ah	Bharat	Set	355000/-	355000/-
4.	Tum Tum Rickshaw	Tum Tum Rickshaw	Tum Tum	1620 W,1000w 48V 210Ah	Bharat	Set	220000/-	220000/-

बिक्रेता फर्मको नाम : एस.एस. ट्रेडर्स एण्ड सप्लायर्स
इटहरी, सुनसरी, नेपाल
पान नं. : ३०२५६८०५७
मोबाइल नं : ५८१५७४१५१५

नेपाल बीमा प्राधिकरणको तालिम

विराटनगर(उस)/ नेपाल बीमा प्राधिकरण कोशीले निर्जीवन बीमाको जोखिमाङ्कन तथा दावी सम्बन्धी एकदिने कार्यक्रम विराटनगरमा गरेको छ ।

तालिमको एनएलजी इन्स्योरेन्सका प्रदेश प्रमुख एवं निप्सका अध्यक्ष खड्गबहादुर श्रेष्ठले सहभागीहरुलाई स्वागत गरेर कार्यक्रम सुरु भएको थियो । तालिमको पहिलोसत्रमा शिखर इन्स्योरेन्सका कोशी प्रदेश प्रमुख प्रज्वल आचार्यले इन्जिनियरिङ र मरिन इन्स्योरेन्स विषयमा प्रशिक्षण दिएका थिए ।

दोस्रो सत्रमा सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेडका कोशी प्रदेश प्रमुख नारायण गौतमले मोटर र सम्पत्ति दावी भुक्तानी प्रक्रिया विषयमा प्रशिक्षण दिएका थिए । नेपाल बीमा प्राधिकरणका प्रदेश प्रमुख विनोदकुमार पोखरेलले कार्यक्रममा प्रशिक्षक र विभिन्न कम्पनीहरुबाट सहभागी भएकाहरुलाई प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रममा ५५ जनाले भाग लिएका थिए ।

कार्यक्रममा सहभागीहरू मध्येबाट सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनीका तर्फबाट राजेशकुमार सरदार र नेशनल इन्स्योरेन्सका तर्फबाट स्वाति शर्माले कार्यक्रमको बारेमा समीक्षात्मक धारणा राखेका थिए ।

'रेड पान्डा'को संरक्षण गर्न क्यामेरा जडान

भोजपुर/भोजपुरमा लोपोन्मुख वन्यजन्तु रेड पान्डा (हाब्रे)संरक्षण थालिएको छ । यहाँ रेड पान्डा पाइने स्थानको छनोट गरेर संरक्षणको काम गरिएको हो । रेड पान्डा पाइने चारवटा सामुदायिक वनमा ४८ वटा क्यामेरा जडान गरेर रेड पान्डाको अवस्थाको विषयमा जानकारी लिने काम भइरहेको रेड पान्डा नेटवर्कले जनाएको छ ।

रेड पान्डाको संरक्षणको लागि यहाँको टेम्केमैयुङ-१ सावामा रहेको भुरुखेक र महाभिर वाल्वानी सामुदायिक वनमा आठ हजार मालिङ्गो बिरुवा रोपन गरिएको डिभिजन वन कार्यालय भोजपुरका अधिकृत कपिलदेव अधिकारीले जानकारी दिए । रेड पान्डासँगै अन्य वन्यजन्तुको संरक्षणको लागि यी क्षेत्रमा तीनवटा ठूला पोखरीसमेत निर्माण गरिएको उनको भनाइ छ । गत आर्थिक वर्षमा पोखरी निर्माण तथा रेड पान्डाको आहारा मालिङ्गो रोपनको लागि श्रमदानसहित १३ लाख ३० हजार लागत बराबरको काम सम्पन्न भएको अधिकृत अधिकारीले जानकारी दिए । (रासस)

सच्याइएको

मिति २०८२/१/३१ गते उद्घोष दैनिकमा प्रकाशित भएको सूचना अनुसार जग्गा धनि कोपिला गुरुङ बेलबारी २ जग्गाको कित्ता नम्बर हरैंचा ५ क २२५६ क्षेत्रफल ०-०-१० को कित्ता नम्बर २२५७ भएको सधियारि देविमाया गुरुङ हुनुपर्नेमा अन्यथा भएकोमा सच्याइएको छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०३/०४

कोशी प्रदेश, तेह्रथुम जिल्लाको फेदाप गाउँपालिकामा निर्माण सम्पन्न खोरुङ्गा खोला साना जलविद्युत आयोजनाबाट उत्पादन हुने ४.८ मे.वा. विद्युत ऊर्जालाई ४.३८ कि.मि. लम्बाईको ३३ के.भी. सिंगल सर्किट प्रसारण लाइनबाट नेपाल विद्युत प्राधिकरणको जिरी खिम्ती सवस्टेसनमा जोडनको लागि प्रस्तावित खोरुङ्गा खोला साना जलविद्युत आयोजनाको ३३ के.भी. (सिंगल सर्किट) विद्युत प्रसारण लाइन आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन (BES) को मस्यौदा प्रतिवेदन माथि निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हुँदा यस आयोजना क्षेत्रका स्थानीय, बुद्धिजिवी, भद्रभलाद्मी लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२/०३/१०, मंगलबार
समय : बिहान १० बजे
स्थान : म्याङलुङ्ग नगरपालिका वडा नम्बर ८ को कार्यालयको प्राङ्गण, तेह्रथुम।
आयोजक : श्री रिलायबल हाइड्रोपावर कम्पनी प्रा.लि. सानेपा, काठमाण्डौ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ६ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय ईटहरीबाट तपशिलमा उल्लेखित ऋणीले व्यापारिक अधिविकर्ष कर्जा तथा प्रोटेक्सन कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण		
नाम : **के.ए.एस पाखीन सप्लायर्स**	प्रोप्राइटरको नाम : किरण तामाङ	प्रा.फ.र.नं. : २६७९/०७०/०७१
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी		दर्ता मिति : २०७०/०७/२४
फर्मको ठेगाना : सुनसरी जिल्ला इटहरी न.पा. वडा नं. ८		स्थायी लेखा नं. : ६०१५८२६९१

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) श्याम बहादुर तामाङको नाति हर्क बहादुर तामाङको छोरा सुनसरी जिल्ला इटहरी उ.म.न.पा वडा नं. ९ हाल, बस्ने **किरण तामाङ** (ना.प्र.नं. : ३४०३४/२३५९ जारी मिति र जिल्ला : २०५३/०१/२७, सुनसरी)

२) धनमान तामाङको छोरी हर्क बहादुर तामाङको बुहारी किरण तामाङको पत्नी सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ८ हाल, वडा नं. ८ बस्ने **अनिता तामाङ** (ना.प्र.नं.: ४६५८६/३९९७ जारी मिति र जिल्ला : २०५८/०२/०२, सुनसरी)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
१) मिति २०७९/०५/२१ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०७९/०८/०७ को अन्तपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (विघा)
किरण तामाङ	सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ८	८ख	३३९१	०-०-७.२५-०

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०३/१२ गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय ईटहरी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१३ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय ईटहरीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदातालेे नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ६ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय धनकुटाबाट तपशिलमा उल्लेखित ऋणीले साना व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण				
नर बहादुर राना मगरको नाति दुर्गा बहादुर रानाको छोरा धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. १२ हाल, धनकुटा न.पा. वडा नं. २ बस्ने **टेक बहादुर राना मगर** (ना.प्र.नं. : ३११ जारी मिति र जिल्ला : २०४८/०१/०५, धनकुटा)				
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण				
१) मान सोर मान राईको नाति लक्ष्मण राईको छोरा धनकुटा जिल्ला भिरगाँउ वडा नं. ४ हाल, धनकुटा न.पा. वडा नं. २ बस्ने **जय बहादुर राई** (ना.प्र.नं. : ११५०९/९४९ जारी मिति र जिल्ला : २०४१/०९/०२, धनकुटा)				
२) गंगा बहादुर पुलामीको छोरी दुर्गा बहादुर रानाको बुहारी टेक बहादुर राना मगरको पत्नी धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. २ बस्ने **दुमी माया राना मगर** (ना.प्र.नं.: ०७-०१-७६-०२७९४ जारी मिति र जिल्ला : २०७६/१०/२७, धनकुटा)				
यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : १) मिति २०७९/०२/३१ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको । २) मिति २०७९/०४/२० को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।				
धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।				
धितोधनीको नाम	**धितोको ठेगाना**	**सिट नं.**	**कित्ता नं.**	**क्षेत्रफल (रोपनी)**
टेक बहादुर राना मगर	धनकुटा जिल्ला भिरगाँउ वडा नं. ९	९	७७५	२-७-१-२
			४२२	०-४-०-०
			७७१	१-१५-३-०
			७७३	२-११-३-०

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०३/१२ गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय धनकुटा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१३ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय धनकुटामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदातालेे नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ